सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशन गरिएको विवरण

अवधी २०८२/०४/०१ -२०८२/०६/३१

# स्वतः प्रकाशन




लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

## डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध)

चन्द्रौटा, कपिलवस्तु

२०८२

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सुचनाको हकको भावना बमोजिमको सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सुचनाको हक सम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिकले आफ्ना गतिविधीहरुको विवरण ३/३ महिनामा प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्था बमोजिम देहायका सुचना सुचिकृत गरि प्रकाशन गरिएको छ ।

## (आ.व. २०८२/०८३ को श्रावण, भाद्र र अशोज महिनाको विवरण )

### १) कार्यालयको स्वरुप र प्रकृती

लुम्बिनी प्रदेश सरकारको प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७९ अनुसार वन, भु-संरक्षण तथा वातावरणसँग सम्बन्धित बिषय हेर्ने गरि प्रदेश सरकार अर्न्तगत वन तथा वातावरण मन्त्रालय रहने व्यबस्था रहेको छ । त्यसैगरि वन तथा वातावरण मन्त्रालय अर्न्तगत प्रदेशस्तरको वन निर्देशनालय र वन निर्देशनालय अर्न्तगत यो प्रदेश भरिमा १२ वटा डिभिजन वन कार्यालय रहेको छ जसमध्ये कपिलपस्तु जिल्ला अर्न्तगतको यो डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) रहेको छ । वन तथा वातावरण मन्त्रालयको पुर्नसंरचना भएसंगै डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध) को नामबाट २०७५ साल श्रावण देखी यस डिभिजन वन कार्यालय संचालनमा आएको थियो । यस डिभिजन वन कार्यालय अर्न्तगत शिवराज न.पा., कृष्णनगर न.पा., महाराजगंज न.पा., बिजयनगर गा.पा. तथा बुद्धभुमी न.पा. गरी ५ वटा स्थानिय निकाय समेटने यस डिभिजनले कुल ८६,२४३.३० हेक्टर क्षेत्रफल ओगटेको छ । जसमध्ये ३९,५४०.१७ हे. अर्थात् ४५.८५ प्रतिशत भुभाग वनक्षेत्रले ढाकेको छ । यस डिभिजन अर्न्तगतको क्षेत्रमा ३ वटा साझेदारी वन, ५६ वटा सामुदायिक वन, १ वटा धार्मिक वन र १ वटा प्रस्तावित संरक्षित वन रहेको छ । यो डिभिजन वन कार्यालय शिवराज न.पा. को वडा नं. ५ स्थित चन्द्रौटा बजारमा कार्यालय रहेको छ ।

वन तथा वातावरण मन्त्रालयको पुनर्सरचना भईसके पछि प्रदेश नं.५ अर्न्तगत तराईमा पर्ने कपिलवस्तु जिल्लामा २ वटा डिभिजन वन कार्यालयहरु स्थापना भए । यस डिभिजनको पूर्वमा कपिलवस्तु जिल्लाको गुड्रुङ्ग खोला, पश्चिममा दाङ जिल्ला र भारतको उत्तर प्रदेशको वलरामपुर जिल्ला, उत्तरमा अर्घाखांची र दक्षिणमा भारतको उत्तर प्रदेशको सिदार्थ नगर जिल्ला पर्दछ । यस डिभिजनको पूर्व परिश्चम सरदर लम्बाई ४० कि.मी र उत्तर दक्षिण चौडाई ३२ कि.मी रहेको छ । त्यसैगरी उत्तरी सिमाना चुरे रहेता पनि आर्घाखांची जिल्लाको सिमानाले चुरेको फेदी सम्म नै ओगटेको हुदाँ यस डिभिजन अर्न्तगतको अधिकांस क्षेत्र समथर रहेको छ ।

यस डिभिजन वन कार्यालयको स्थापना २०७५/०४/२७ गते भएको हो । वि.स. २०३७ साल देखि जिल्ला वन कार्यालय रहदै आएकोमा जिल्लालाई दुई भागमा विभाजन गरी दुई वटा डिभिजन वन कार्यालयको स्थापना गरिएको छ । वुद्धभुमि नगरपालिका वडा नं. ३ मा रहेको गुडरुङ्ग खोला लाई सिमाना मानि खोलाको पश्चिम दाङ्ग जिल्लाको सिमाना सम्म डिभिजन वन कार्यालय गौतमवुद्ध र उक्त खोलाको पुर्व रुपन्देही जिल्लाको सिमाना सम्म यस डिभिजन वन कार्यालय कपिलवस्तुको रुपमा विभाजन गरिएको छ । यस डिभिजन वन कार्यालय अर्न्तगत ६ वटा सवडिभिजन वन कार्यालयहरु रहेका छन् ।

## २. कार्यालयको काम, कर्तव्य, अधिकार र उद्धेश्य


यस कार्यालयमा हाल विभिन्न कार्यक्रमहरु वन, वन्यजन्तु तथा जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम, वन क्षेत्र भित्रका खोल्साखोल्सी व्यवस्थापन कार्यक्रम, वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम, कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम, राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, जडिबुटि विकास कार्यक्रम, वृक्षारोपण तथा निजी वन कार्यक्रम संचालनमा रहेका छन । यस कार्यालयको मुख्य उद्धेश्य डिभिजन स्तरमा वन क्षेत्रको समुचित व्यवस्थापन गरी वन पैदावारको आवश्यकता परिपुर्ति गर्ने हो भने यसका विशिष्ट उद्धेश्यहरु निम्न अनुसार रहेका छन् ।

- वन श्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोग गर्ने,
- डिभिजन वन कार्यालयको क्षेत्र भित्र समग्र वन क्षेत्रको संरक्षण, विकास र सदुपयोग सम्वन्धी ऐन, नियम तथा नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।
- वन विकासका कार्यक्रमहरुको योजना तयारी, कार्यान्वयन तथा समन्वय गर्ने,
- वन व्यवस्थापनमा विशेषत वन विकास तथा वन श्रोतको संरक्षण गर्न समुदायको सहभागिता वृद्धि गर्ने,
- वन श्रोतको दिगो व्यवस्थापन गरी राजश्व वृद्धि गरी राज्यको आर्थिक वृद्धि हासिल गर्न योगदान गर्ने,
- वन क्षेत्रको कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी समुदायको जीविकोपार्जन सुधार गर्ने,

- वातावरण-मैत्री वन व्यवस्थापन गरी पारिस्थितिकीय प्रणाली र जैविक विविधताको संरक्षणमा टेवा पुऱ्याउने,
- प्रचलित कानून वमोजिम वन तथा वन्यजन्तुको संरक्षण गर्ने,
- भू-क्षयको दृष्टिले संवेदनशील वनक्षेत्रको एकीकृत व्यवस्थापन एवं निजी वन विस्तार र वैकल्पिक उर्जा प्रवद्धन गरी वन संरक्षण गर्ने,
- वनको हैसियतमा सुधार र उत्पादकत्व वृद्धि गर्न वृक्षरोपण र प्राकृतिक पुनरुत्पादन व्यवस्थापन लगायतका वन सम्बर्धनका विविध कार्य संचालन गर्ने,
- ग्रावेल र गिट्टीको व्यवस्थित संकलन गरी रोजगारी र आयआर्जनका अवसर वढाउने,
- डिभिजन अन्तर्गतका महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण र विकासमा सहयोग पुर्याउने ।
- डिभिजन स्तरीय सरकारी र गैर सरकारी संघ संस्था तथा स्थानीय निकायसंग समन्वय गरी वन विकास एवं व्यवस्थापन कार्यहरु संचालन गर्ने
- वन पैदावार आपुर्ती समिति मार्फत काठ दाउरा सरल सहज रुपमा उपलब्ध गराउने ।

## ३. स्वीकृत संगठन संरचना(कर्मचारी विवरण)

यस डिभिजन वन कार्यालयको संगठन संरचना तपसिल बमोजिम रहेको छ ।



## कर्मचारी पदपुर्तिको बिवरण

डिभिजन वन कार्यालयको सांगठनिक संरचना अनुसारको पदपुर्ति विवरण यस प्रकार रहेको छ ।

| क.सं | नेपाल सरकारबाट स्वीकृत पदनाम | प्रदेश कानून बमोजिमको पदनाम | तह | सेवा | समूह/उपसमूह | नेपाल सरकारबाट स्वीकृत स्थायी दरबन्दी | प्रदेश सरकारबाट प्रस्तावित दरबन्दी | पदपुर्ति दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | डिभिजनल वन अधिकृत | डिभिजनल वन अधिकृत/सिनियर डिभिजिनल वन अधिकृत | नबौं/दशौं | वन | जनरल फरेष्ट्री | १ | १ | ० | |
| २ | शाखा अधिकृत | शाखा अधिकृत/बरिष्ठ शाखा अधिकृत | सातौ/आठौ | प्रशासन | सामान्य प्र. | १ | १ | ० | |
| ३ | लेखा अधिकृत | बरिष्ठ लेखा अधिकृत | सातौ/आठौ | प्रशासन | लेखा | १ | १ | ० | |
| ४ | सहायक वन अधिकृत | वन अधिकृत/बरिष्ठ वन अधिकृत | सातौ/आठौ | वन | जनरल फरेष्ट्री | १० | १० | ९ | |
| ५ | नायव सुव्वा | बरिष्ठ प्रशासन सहायह/अधिकृत | पाँचौ/छैठौं | प्रशासन | सामान्य प्र. | १ | १ | १ | |
| ६ | लेखापाल | लेखापाल/अधिकृत (लेखा) | पाँचौ/छैठौं | प्रशासन | लेखा | १ | १ | ० | को.ले.नि.का. |
| ७ | रेन्जर | रेन्जर/सहायक वन अधिकृत | पाँचौ/छैठौं | वन | जनरल फरेष्ट्री | ८ | ७ | ५ | |
| ८ | खरिदार | प्रशासन सहायक | चौथो | प्रशासन | सामान्य प्र. | १ | १ | १ | |
| ९ | फरेष्टर | फरेष्टर/बरिष्ठ फरेष्टर | पाँचौ/छैठौं | वन | जनरल फरेष्ट्री | २ | २ | ५ | जना ३ को थप पदस्थापन भएको |

| क.सं | नेपाल सरकारबाट स्वीकृत पदनाम | प्रदेश कानून बमोजिमको पदनाम | तह | सेवा | समूह/उपसमूह | नेपाल सरकारबाट स्वीकृत स्थायी दरबन्दी | प्रदेश सरकारबाट प्रस्तावित दरबन्दी | पदपुर्ति दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | अपरेटर | अपरेटर | चौथो | इन्जिनियरिङ | मेकानिकाल | १ | १ | ० | |
| ११ | सुवेदार | सुवेदार | रा.प.अनं.प्र. | विविध | - | १ | १ | ० | |
| १२ | जमदार | जमदार | रा.प. अन.द्धितिय | विविध | - | २ | २ | २ | |
| १३ | हवल्दार | हवल्दार | रा.प. अन.तृतिय | विविध | - | ४ | ४ | ० | |
| १४ | वन रक्षक | वन रक्षक | तेस्रो | वन | जनरल फरेष्ट्री | ३७ | ३७ | २९ | |
| १५ | सशस्त्र वन रक्षक | सशस्त्र वन रक्षक | श्रेणी विहिन | विविध | - | १६ | १६ | ० | १३ करार |
| १६ | हलुका सवारी चालक | हलुका सवारी चालक | श्रेणी विहिन | प्रशासन | सामान्य प्र. | २ | २ | ० | २ करार |
| १७ | कार्यालय सहयोगी | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सामान्य प्र. | ३ | ३ | १ | २ करार |
| १८ | चौकीदार | चौकीदार | श्रेणी विहिन | प्रशासन | सामान्य प्र. | १ | १ | ० | १ करार |
| | **कुल जम्मा** | | | | | **९३** | **९२** | **५५** | |

## ४.कार्यालयबाट प्रदान गरिने सेवा, प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि नागरिक वडापत्र

### ४.१ कार्यालयबाट प्रदान गरिने सेवा

# नागरिक वडा पत्र

"नागरिकलाई सेवा सुशासनलाई टेवा"

| सि.न. | कार्यालयबाट प्रदान गर्ने सेवाहरु | सेवाग्राहीले पुरा गर्नु पर्ने प्रकृयाहरु | कार्यालयबाट अपनाईने प्रकृया | लाग्ने शुल्क/समय | जिम्मेवारी शाखाकोठा/ | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | घर निर्माणमर्मत / कार्यका लागि काठ माग गर्दा | जग्गाको लालपुर्जा प्रतिलिपी नेपाली ,नागरिकताको प्रतिलिपीचालु , गाउँपालिकाबाट घर /नगरपालिका ,को कर तिरेको प्रतिलिपी.व.आ कृतीको प्रतिलिपी तथा घर निर्माण सिफारिस साथ निवेदन नक्सा स्वी ।(घर बन्दै गर्दाको फोटो समेत) दिनु पर्ने | वन पैदावार आपूर्ति समितिबाट स्थलगत अनुगमन पश्चात समितिको निर्णय बमोजिम | वन पैदावार आपूर्ति समितिले तोके बमोजिमको शुल्ककेही / दिन | कोठा नं३. | सिज्यू.अ.व.डि. | |
| 2 | दैविक प्रकोप तथा आगलागि पिडितहरुका लागि घर काज काठ माग गर्दा | जिल्ला दैविक प्रकोप उद्धार समितिको सिफारिसप्रहरी मुचुल्काको , साथमा निवेदन दिनु पर्ने । | वन पैदावार आपूर्ति समितिबाट स्थलगत अनुगमन पश्चात समितिको निर्णय बमोजिम | वन पैदावार आपूर्ति समितिले तोके बमोजिमको शुल्क केही / दिन | कोठा नं३. | सिज्यू.अ.व.डि. | |
| 3 | दाउराको माग गर्दा | आवश्यकतानुसार निवेदन दिनु पर्ने । | वन पैदवार आपुर्ती समितिको डिपोबाट दाउरा उठाउनु पर्ने | तोके बमोजिम/ तुरुन्तै | | सिज्यू.अ.व.डि. | |
| 4 | साझेदारी सामुदायिक/ वनले योजना माग गर्दा | योजना पहिचान तथा एकिन गरी माग गर्दा सासमितिको /.स.उ.व. बार्षिक ,को लेखा परिक्षण प्रतिवेदन.व.गत आ ,निर्णयको प्रतिलिपी सव डिभिजन वन कार्यालयको सिफारिस पत्र साथ निवेदन ,प्रतिवेदन पेश गर्नुपर्ने । | स्थलगत अनुगमन जाँचबुझ पश्चात निर्णय बमोजिम हुने | निशुल्क / केही दिन | कोठा नं.२ | सिज्यू.अ.व.डि. | |
| 5 | वन पैदवारमा | घरेलु कार्यालयको पत्र सहितको कागजातहरु पेश गर्नु पर्ने । | स्थलगत अनुगमन | निशुल्क / | कोठा नं४. | सिज्यू.अ.व.डि. | |

| सि.न. | कार्यालयबाट प्रदान गर्ने सेवाहरु | सेवाग्राहीले पुरा गर्नु पर्ने प्रकृयाहरु | कार्यालयबाट अपनाईने प्रकृया | लाग्ने शुल्क/समय | जिम्मेवारी शाखाकोठा/ | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | आधारीत उद्योग स्थापनाका लागि दुरी प्रमाणीत | | जाँचबुझ सरजमिन मुचुल्का प्रतिबेदन पेश भए बमोजिम हुने | केहि दिन | | | |
| 6 | व्यक्तिले बिरुवा माग गर्दा | नेपाली नागरिकता र जग्गाधनी लालपुर्जाको प्रतिलिपीको साथमा निवेदन दिनु पर्ने । | नर्सरीबाट उत्पादित तयारी बिरुवा | निशुल्क / तुरुन्तै | कोठा नं.२ | सिज्यू.अ.व.डि. | अषाढ महिना |
| 7 | संस्थासमूहले बिरुवा / माग गर्दा | बिरुवा रोपण क्षेत्रको एकिन तथा आवश्यकतानुसार बिरुवा छनौट गरी संस्थासमूहको मागको निर्णय प्रतिलिपी साथ निवेदन दिनु पर्ने / । | नर्सरीबाट उत्पादित तयारी बिरुवा | निशुल्क / तुरुन्तै | कोठा नं.२ | सिज्यू.अ.व.डि. | अषाढ महिना |
| 8 | निजी आवादी काठ दाउरा कटानको लागि | जग्गाको लालपुर्जा प्रतिलिपी ,नेपाली नागरिकताको प्रतिलिपी , सव ,कित्ताकाटको प्रमाणीत नक्सा स्थलगत सर्जमीन मुचुल्का ) डिभिजन वन कार्यालयको सिफारिस साथ निवेदन दिनु पर्ने२८ प्रजातिका रुख बाहेकको हकमा स्थानीय निकायको सिफारिस पत्र ( । | स्थलगत अनुगमन निरीक्षण र सर्जमीन पश्चात निर्णय बमोजिम हुने | निशुल्क / केही दिन | कोठा नं.४ | सिज्यू.अ.व.डि. | |
| 9 | साझेदारी / सामुदायिक वनले काठ दाउरा संकलन सहमति माग गर्दा | समुहले काठ दाउराको संकलन सहमतिको माग गरेको निर्णयको प्रतिलिपी साधारण सभाबाट अनुमोदित ,गत आको लेखा परिक्षण .व. सव डिभिजन वन कार्यालयको सिफारिस ,बार्षिक प्रतिवेदन ,प्रतिवेदन पत्रसाथ निवेदन पेश गर्नु पर्ने । | स्थलगत अनुगमन पश्चात निर्णय बमोजिम हुने | निशुल्क / केही दिन | कोठा नं . १ र 2 | सिज्यू.अ.व.डि. | |
| 10 | साझेदारीसामुदायिक / वनको कार्य योजना नविकरण | समूहको वन सम्बद्धर्न प्रणाली लागू गर्न माग गरेको साधारण सभाको निर्णयको प्रतिलिपी ,को लेखापरिक्षण प्रतिवेदन.व.गत आ , सव डिभिजन वन कार्यालयको सिफारिस पत्र साथ ,बार्षिक प्रतिवेदन | स्थलगत अनुगमन पश्चात निर्णय बमोजिम हुने | निशुल्क / केही महिना | कोठा नं . १ र 2 | सिज्यू.अ.व.डि. | |
| 11 | अन्य वन पैदावार गैह्य काष्ठ ,जडिबुटी) वन पैदावार संकलन (इजाजत माग गर्दा | वडाको सिफारीस सहित नेपाली नागरिकताको प्रतिलिपीको साथमा चौहद्दी खुलाई फर्मसंस्था भए सोको प्रमाण/ पत्र प्रतिलिपी समेत संलग्न राखी निवेदन दिनु पर्ने । | चौहद्दी भित्रको गैह्यकाष्ठ वन पैदावार एकिन पश्चात नियमानुसार हुने | तोके बमोजिम / केही दिन | कोठा नं . ४ | सिज्यू.अ.व.डि. | |
| 12 | वन्यजन्तु राहत वितरण | वडा कार्यालयको सिफारिस ,पुलिस रिपोर्ट वा घटनास्थल मुचुल्का , साथ निवेदन पेश गर्नु पर्ने ,स्थलगत अनुगमन प्रतिवेदनघाइतेको | स्थलगत अनुगमन प्रतिवेदन प्राप्त | केही दिन | कोठा नं . २ | सिज्यू.अ.व.डि. | |

| सि.न. | कार्यालयबाट प्रदान गर्ने सेवाहरु | सेवाग्राहीले पुरा गर्नु पर्ने प्रकृयाहरु | कार्यालयबाट अपनाईने प्रकृया | लाग्ने शुल्क/समय | जिम्मेवारी शाखाकोठा/ | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | हकमा उपचार गर्दा खर्च भएको रकमका बिलहरू | भएको | | | | |
| १३ | वन पैदवार स्थानान्तरण इजाजत | स्टक भएको भन्ने वन पैदवारको लगत सहित को सव डिभिजन वन कार्यालयको सिफारीस पत्र साथ निबेदन दिनु पर्ने । | आवश्यक भएमा स्थलगत अनुगमन निरीक्षण | १ दिन | कोठा नं.४ | सिज्यू.अ.व.डि. | |

## ४.२ शाखा र जिम्मेवार अधिकारी

| क.स. | शाखाको नाम | जिम्मेबार कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | डि.व.का. प्रमुख | महेन्द्र राज वाग्ले | सि.डि.व.अ. | |
| २ | व्यबस्थापन शाखा | प्रदिप कुमार चौधरी | व.व.अ. | |
| ३ | | बसन्त गौतम | व.व.अ. | |
| ४ | योजना शाखा | शिव नन्दन साह | व.व.अ. | |
| ५ | | रामचन्द्र लामा | व.व.अ. | |
| ६ | कर्मचारी प्रशासन शाखा | बुद्धि बहादुर पौडेल | अ.छेठौं | |
| ७ | आर्थिक प्रशासन शाखा | राम प्रकाश चौधरी | लेखापाल | |
| ८ | मुद्धा शाखा | गुण बहादुर घर्ती | खरिदार | |
| ९ | सशस्त्र वन सुरक्षा शाखा | प्रर्शुराम चौधरी | जमदार | |
| १० | सब डि.व.का. शिवपुर | ओली मोहम्मद राईन | व.व.अ. | |
| ११ | सब डि.व.का. खरेन्द्रपुर | पहलमान सेर्मुजा मगर | व.व.अ. | |
| १२ | सब डि.व.का. चम्पापुर | विष्णु प्रसाद लामिछाने | व.व.अ. | |
| १३ | सब डि.व.का. शिवगढी | रमतु चौधरी | रेन्जर | |
| १४ | सब डि.व.का. गुगौली | मोहन प्रसाद गजुरेल | व.व.अ. | |
| १५ | सब डि.व.का. ठकुरापुर | राघवेन्द्र प्रताप चौधरी | स.व.अ. | |

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्रचलित ऐन, नियम, निर्देशिका, कार्याविधि, मार्गदर्शन, मापदण्ड समेतको अधिनमा रही सिनियर डिभिजनल वन अधिकृतबाट निर्णय हुने ।

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

शाखा तथा सब डिभिजन वन कार्यालयको सेवा प्रवाहमा सिनियर डिभिजनल वन अधिकृतले उजुरी सुन्ने ।

## ७. सम्पादन गरेको विवरण

यस अवधिमा गरिएका मुख्य मुख्य कार्यहरुको विवरण निम्न बमोजिम रहेको छ ।

### ७.१ बार्षिक स्वीकृत कार्यक्रमको सार्वजनिक र पहिलो त्रैमासिक सम्मको खर्च विवरण

| सि.नं | ब.उ.शी.नं. | बार्षिक कार्यक्रम | वजेट रू. लाखमा | | | पहिलो त्रैमासिक सम्मको खर्च रू. लाखमा | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| १ | ३२९०००१२ | वन,वन्यजन्तु,जैविक विविधता संरक्षण तथा व्यवस्थापन | ९.०० | १५५.८२ | १६४.८२ | ०.१५ | ०.०० | ०.१५ |
| २ | ३२९०००१५ | वन क्षेत्र भित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम | ०.०० | १५.०० | १५.०० | ०.०० | ०.०० | ०.०० |
| ३ | ३२९०००१६ | वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम | ०.०० | १०.०० | १०.०० | ०.०० | ०.०० | ०.०० |
| ४ | ३२९०००१८ | कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम | ०.०० | ७०.९६ | ७०.९६ | ०.०० | ०.०० | ०.०० |
| ५ | ३२९९११२१ | सम्वृद्धिका लागि वन(संघ शसर्त अनुदान) | ३४६.५० | ६९.५० | ४१६.०० | ०.१० | १.०० | १.१० |
| ६ | ३२९९११२३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान) | | १३.०० | १३.०० | ०.०० | ०.०० | ०.०० |
| ७ | ३२९९११२५ | जडिबुटी विकास कार्यक्रम(संघ शसर्त अनुदान) | | ८६.०० | ८६.०० | ०.०० | ०.०० | ०.०० |
| | | **कार्यक्रम तर्फको जम्मा** | **३५५.५** | **४२०.३** | **६८९.८** | **०.३** | **१.०** | **१.३** |
| ८ | ३२९०१०१२ | डिभिजन वन कार्यालयहरु | ६९४.२३ | २८५.०० | ९७९.२३ | ११६.६६ | ३०.९८ | १४७.६४ |
| ९ | ३२९९११२९ | वन तथा भूंरक्षण (संघ शसर्त अनुदान) | ७५.३८ | ०.०० | ७५.३८ | २०.९८ | ०.०० | २०.९८ |
| | | **प्रशासनिक खर्चको जम्मा (रू.)** | **७६९.६१** | **२८५.००** | **१०५४.६१** | **१३७.६४** | **३०.९८** | **१६८.६२** |
| | **कुल जम्मा** | | **११२५.११** | **७०५.२८** | **१७४४.३९** | **१३७.८९** | **३१.९८** | **१६९.८७** |

## ७.२ वन पैदावार विक्री वितरण

| क्र.सं. | वन | बिक्रि वितरणाको अवस्था | |
|---|---|---|---|
| | | काठ(क्यु. फिट) | दाउरा (चट्टा) |
| १ | सामुदायिक | २४५२१ | ९५ |
| २ | साझेदारी | १२९१२ | ७ |
| ३ | निजी | ११९५४.८० | ११.७५ |

## ७.३ वन अपराध नियन्त्रण

| विवरण | जि. अदालतमा दायर मुद्दा संख्या | पक्राउ प्रतिवादी संख्या | बरामद वन पैदावार/अखेटोपहर | | बरामद बोझबाहकको | |
|---|---|---|---|---|---|---|
| | | | विवरण | परिमाण | किसिम | परिमाण |
| वन ऐन अनुसार कारवाही हुने मुद्दा | १ | ३ | काठ | ७.६ | साइकल | १ |

## ७.४ राजश्व संकलन

| सि.नं. | राजस्व शीर्षक | जम्मा |
|---|---|---|
| १ | १४२६४-वन क्षेत्रको अन्य आय | ५९९९४४५ |
| २ | ३३३६१-वन क्षेत्रको रोयल्टी | २४०३२९० |
| ३ | १४३१२- प्रशासनिक दण्ड, जरिवाना र जफत | १००० |
| जम्मा रकम | | ८४०३७३५ |

### ७.५ वन्यजन्तु उद्धार

| सि.नं. | उद्धार गरिएको प्रजाति | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सर्प | ४५ | |

## ८. सूचना अधिकारी र प्रमुखको नाम र पद

- कार्यालय प्रमुखः सिनियर डिभिजनल वन अधिकृत श्री महेन्द्र राज वाग्ले
- सूचना अधिकारीः बरिष्ठ वन अधिकृत श्री प्रदिप कुमार चौधरी

## ९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको सविधान, २०७२
- वन नीति, २०७५
- वन ऐन, २०७६, वन नियमावली २०७१, प्रदेश वन ऐन, २०७८ र प्रदेश वन नियमावली, २०७८
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्टिय व्यापार नियन्त्रण ऐन, २०७३ र सडकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६
- वातावरण संरक्षण ऐन, २०७६, प्रदेश वातावरण संरक्षण ऐन २०७७, वातावरण संरक्षण नियमावली, २०७७, प्रदेश वातावरण संरक्षण नियमावली २०७७
- निजामती सेवा ऐन, २०४९, प्रदेश निजामती सेवा ऐन २०८०, निजामती सेवा नियमावली, २०५०, प्रदेश निजामती सेवा नियमावली २०८०
- सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- सामुदायिक वनको निर्देशिका, २०५२
- वन पैदावर (काठ/ दाउरा) संकलन तथा बिक्रि वितरण निर्देशिका, २०७३
- वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०
- सामुदायिक वनको काठ, दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१

- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७६
- व्यवसायिक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने कार्यविधि, २०६८
- सरकारी रुखहरु हटाउने सम्बन्धी मापदण्ड, २०७१
- लुम्बिनी प्रदेशको वन सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९
- लुम्बिनी प्रदेशको वन पैदावर आपूर्ति समिति सञ्चालन सम्बन्धी कार्यविधि २०७९

**१०. तोकिए बमोजिम अन्य विवरणः छैन**

**११. यस कार्यालयको वेबसाईटको विवरणः** https://dfogautambuddha.lumbini.gov.np